आज मिति २०७६।११।१४ गते निजगढ नगरपालिकाका प्रमुख तथा नगर कार्यपालिका अध्यक्ष श्री सुरेश कुमार खनाल ज्यूको अध्यक्षतामा निजगढ नगर कार्यपालिकाको ७६ औं बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

१. प्रमुख श्री सुरेश कुमार खनाल, निजगढ नगरपालिका
२. उप-प्रमुख श्री लिला देवी लामिछाने खनाल, निजगढ नगरपालिका
३. वडा अध्यक्ष- वडा नं १ श्री मंगले लोप्चन
४. वडा अध्यक्ष- वडा नं २ श्री केशव प्रसाद उपाध्याय ढोडारी
५. वडा अध्यक्ष- वडा नं ३ श्री जीत बहादुर तामाङ
६. वडा अध्यक्ष- वडा नं ४ श्री जयराम कुवँर
७. वडा अध्यक्ष- वडा नं ५ श्री थल प्रसाद गौतम
६. वडा अध्यक्ष- वडा नं ६ श्री कुश बहादुर थापा
७. वडा अध्यक्ष- वडा नं ७ श्री रामजी प्रसाद बजगाई
८. वडा अध्यक्ष- वडा नं ८ श्री टेक बहादुर लामा
९.वडा अध्यक्ष- वडा नं ९ श्री सुदर्शन प्रसाद वडाल
१०. वडा अध्यक्ष- वडा नं १० श्री पदम बहादुर मोक्तान
११. वडा अध्यक्ष- वडा नं ११ श्री प्रेम बहादुर रुम्बा
१२. वडा अध्यक्ष- वडा नं १२ श्री ज्ञान बहादुर गोले
१३. वडा अध्यक्ष- वडा नं १३ श्री सुर्य घलान
१४. नगर कार्यपालिका सदस्य श्री जगत कुमारी अधिकारी
१५. नगर कार्यपालिका सदस्य श्री निमादेवी विश्वकर्मा
१६. नगर कार्यपालिका सदस्य श्री मिनमाया लामा
१७. नगर कार्यपालिका सदस्य श्री राधा कुमारी पुलामी मगर
१८. नगर कार्यपालिका सदस्य श्री लक्ष्मी गौतम
१९. नगर कार्यपालिका सदस्य श्री पदम बहादुर भुजेल
२०. नगर कार्यपालिका सदस्य श्री पवन विश्वकर्मा
२१. नगर कार्यपालिका सदस्य श्री सरिता राई दनुवार
२२. प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव श्री विशकसेन ढकाल

आमन्त्रित :

१. लेखा अधिकृत श्री शिव प्रसाद देवकोटा

२ अधिकृत छैटौं श्री रविन घिमिरे

३. ईन्जिनियर श्री रुपेश प्रसाद यादव

४. ईन्जिनियर श्री अशोक कुशवाहा

**प्रस्ताव तथा निर्णयहरु :**

**प्रस्ताव नं १ : भवन उद्‌घाटन कार्यक्रममा अतिथि आमन्त्रण गर्ने सम्बन्धमा ।**

निर्णय नं १ : मिति २०७६।११।२० गते हुने नव-निर्मित भवन उद्‌घाटन कार्यक्रममा प्रदेश नं २ का मुख्यमन्त्री, आर्थिक योजना मन्त्री, भौतिक पुर्वाधार विकास मन्त्री तथा सामाजिक विकास मन्त्रीलाई निमन्त्रणा गर्ने निर्णय गरियो । साथै तत्कालीन उपप्रधान तथा स्थानीय विकास मन्त्री कमल थापाबाट भएको नगरपालिका भवन शिलान्यास शिलालेख स्थापना गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ : नदीजन्य पदार्थको कर संकलन सम्बन्धमा ।**

निर्णय नं २ : विकास निर्माणको कार्यमा प्रयोग गरिने नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटोको सन्दर्भमा बालुवा, गिटीको हकमा अनिवार्य रुपमा भ्याट बिल राख्नुपर्ने तथा निजगढ नगरपालिकाको भूगोलमा भएको नदीहरुमा वकैया नदी बाहेक अन्य नदीहरुमा ठेक्का बन्दोवस्त नभएको हुनाले उपभोक्ताहरुवाट भ्याट बिलहरु उपलब्ध गराउन नसक्ने नदेखिएको हुँदा यस वर्षको २०७६/७७ को लागि माटो, ग्राभेल, ढुंगाको भ्याट बिल उपलब्ध गराउन नपर्ने साथै आ.व.२०७७/७८ देखि आर्थिक ऐन, बनाई नदीजन्य सम्पुर्ण पदार्थमा भ्याट बिल तथा उत्खनन बिल लिई उपभोक्ताहरुवाट भएको कामको भुक्तानी दिन नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं ३ : ईण्डक्सन चुल्होको सम्बन्धमा ।**

निर्णय नं ३ : वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट वितरण गरिने ईण्डक्सन चुल्हो लाभग्राहिवाट प्रतिलाभग्राहि रु.१,०००/-(अक्षेरुपी एक हजार मात्र) संकलन गरिने निर्णय गरियो । साथै प्राप्त हुने १,००० थान चुल्होहरुमध्ये वडा नं १,२,३,४,५,६,१०,११,१२ र १३ नं वडामा १०/१० थान नमुनाको लागि वितरण गरिने तथा वडा नं ७, ८ र ९ मा बाँकी ९०० चुल्होहरु समानुपातिक रुपमा वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ : फुटवल ट्रेनिङ सेन्टरको स्थापना गर्ने सम्बन्धमा ।**

निर्णय नं ४ : अखिल नेपाल फुटवल संघ, काठमाडौंबाट जिल्लास्तरीय फुटवल एकेडेमी स्थापना गर्नका लागि जग्गा माग भई आएकोमा वडा नं ८ स्थित खयरघारीमा रहेको खेलमैदान क्षेत्रको करिब ३ देखि ५ विगाह जतीको जग्गा फुटवल ट्रेनिङ सेन्टरको स्थापना गर्नका लागि स्वीकृति दिने निर्णय गरियो ।

**प्रस्ताव नं ५ : भारतीय दुतावाससँग सहयोग माग गर्ने निर्णय गरियो ।**

निर्णय नं ५ : श्री गौरी शंकर माध्यमिक प्राविधिक शिक्षालय, निजगढ-८ मा प्राविधिक धारमा पढाई सुरु गरिसकेको तथा कक्षा ११ र १२ को समेत पढाई भई अत्याधिक रुपमा विद्यार्थीको आकर्षण भएको हुनाले भौतिक पुर्वाधार कमी भई गुणस्तरीय पठनपाठनमा चुनौति देखिएको हुनाले उक्त विद्यालयको भौतिक पुर्वाधार विकास तथा विस्तारका लागि भारतीय दुतावासमा सिफारिस गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ : आर्थिक सहायता वितरण गर्ने सम्बन्धमा ।**

निर्णय नं ६ : आर्थिक सहायताका लागि प्राप्त भएका निवेदनहरु मध्ये देहाय बमोजिमका महानुभावहरूलाई देहाय बमोजिम आर्थिक सहायता दिने निर्णय गरियो ।

| सि.नं. | निवेदकको नाम, थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मखमली तिमल्सिना | वडा नं ६ | ५,०००/- | |
| २ | श्री बज्र प्रसाद तिमल्सिना | वडा नं ६ | रु. ५,०००/- | |
| ३ | श्री दान बहादुर तिमल्सिना | वडा नं ६ | रु. ५,०००/- | |
| ४ | श्री रन्जित तिमल्सिना | वडा नं ६ | रु. १५,०००/- | |
| ५ | श्री सीता देवी लामिछाने | वडा नं ६ | रु. ५,०००/- | |
| ६ | श्री सीता सुनार | वडा नं ६ | रु. ५,०००/- | |
| ७ | श्री नेपाल तामाङ घेदुङ, जिल्ला कार्य समिति, बारा | | रु. ७५,०००/- | |
| ८ | श्री नेपाल आई. के.यु. कराते | | रु. ५१,०००/- | खेलकुद कार्यक्रम |
| ९ | श्री सरोज अधिकारी | वडा नं ६ | रु. ५,०००/- | |
| १० | तीज कार्यक्रम २०७६ भाद्र | | रु. १५,०००/- | |
| ११ | श्री टासी घार्केलिङ गुम्बा | | रु. १५,०००/- | |
| १२ | श्री बसुन्धरी योञ्जन | वडा नं १० | रु. ५,०००/- | |
| १३ | श्री मैना कुमारी क्षेत्रीनी | वडा नं ६ | रु. ५,०००/- | |
| १४ | श्री गंगा देवी मगर्नी | वडा नं ९ | रु. ५,०००/- | |
| १५ | श्री धन बहादुर वि.क. | वडा नं २ | रु. ५,०००/- | |
| १६ | श्री दिपक के.सी. | वडा नं १ | रु. ५,०००/- | |

साथै अब कार्यपालिकाबाट आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधी बनाई आर्थिक सहायता वितरण कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।